सङ्घीय संसद्
प्रतिनिधि सभा, २०८२
दोस्रो अधिवेशन
बैठक सङ्ख्या- ६८
सूचनापत्र - २
(बैठकको कारबाहीको संक्षिप्त विवरण)

२०८३ साल असोज १६ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख डोल प्रसाद अर्यालको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो।

बैठकको प्रारम्भमा श्रम संस्कृति पार्टीका माननीय सदस्यहरू आआफ्नो आसन अगाडि उभिई बोल्न समय माग गरेपछि सम्माननीय सभामुखले बोल्न समय दिनुहुँदा मा० ध्रुवराज राईले सरकार प्रतिपक्षी दलका मागप्रति सरकार गम्भीर र संवेदनशील हुनुपर्ने भन्दै जनताको समस्यामा बेवास्ता गर्न नहुने लगायतका विषयमा आफ्नो भनाइ राख्नुभयो।

त्यसपछि प्रारम्भ भएको आकस्मिक समयमा निम्नलिखित माननीय सदस्यहरूले मकवानपुरको हेटौंडा र मनहरी क्षेत्रका मध्यवर्ती बासिन्दाको कठिन जनजीवनबारे सरकारले ध्यान दिनुपर्ने साथै वन्यजन्तुको त्रास एवम् विकास निर्माणमा गरिएको कडाइले स्थानीयवासीको दैनिकी कष्टकर बन्दै गएकाले बफर-जोनसम्बन्धी नीति पुनरावलोकन गर्नुपर्ने, विरगञ्जस्थित नेशनल मेडिकल कलेजमा २५ जनाभन्दा बढी "फेक फ्याकल्टी" राखिएको र नक्कली प्राध्यापकहरू देखाएर "पीजी (पोस्ट ग्र्याजुयट)" सिट लिइएको, नेपाली विद्यार्थीहरूसँग ३ लाख र विदेशी विद्यार्थीहरूसँग ५ लाख रुपैयाँसम्म असुल्ने गरेको र उत्तर पुस्तिकामा पूरै उत्तर लेखेर उत्तिर्ण गर्ने कार्य चलिरहेको हुँदा सरकारले ध्यान दिनुपर्ने, सर्लाहीको हरिपुर्वा नगरपालिका-२ का मनोज कुमार मालीको करेन्ट लागेर गम्भीर घाइते भएकाले नि:शुल्क उपचार गरिनुपर्ने तथा पीडित परिवारलाई आवश्यक आर्थिक तथा मानवीय सहयोग उपलब्ध गराउनुपर्ने, कपिलवस्तुको चोरखोलामा बस र ट्रक एक आपसमा ठोकिदा बस चालक सुमन खत्रीको मृत्यु भएको, सरकारले दुर्घटना न्यूनीकरणको लागि आवश्यक पहल गर्नुपर्ने साथै जोखिमयुक्त सडकको पहिचान गरी आवश्यक मर्मत तथा ट्राफिक व्यवस्थापन गर्नुपर्ने लगायतका विषयमा आआफ्नो भनाइ राख्दै सरकारको ध्यानाकर्षण गराउनुभयो:-

१. मा० क्षितिज थेवे
२. मा० रहबर अंसारी
३. मा० रविन महतो
४. मा० धनेन्द्र कार्की

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आआफ्नो भनाइ राख्नुभयो:-

१. मा० अचुत्तम लामिछाने
२. मा० अनुष्का श्रेष्ठ
३. मा० अफ्साना बानु
४. मा० अमृता बि.क.
५. मा० अरबिन्द शाह
६. मा० अर्जुन कुमार कार्की
७. मा० अशोक कुमार चौधरी
८. मा० आरेन राई
९. मा० आशा झा
१०. मा० आसिका तामाङ
११. मा० इन्दिरा राना मगर
१२. मा० एशुदा कुमारी बराल
१३. मा० अंकिता ठाकुर
१४. मा० कन्हैया बनिया
१५. मा० कमल सुबेदी
१६. मा० करिस्मा कठरिया
१७. मा० कामिनी कुमारी
१८. मा० कविन्द्र बुर्लाकोटी
१९. मा० काली बहादुर सहकारी
२०. मा० कुल भक्त शाक्य
२१. मा० कुशुम महर्जन
२२. मा० कृपा महर्जन
२३. मा० कृपाराम राना
२४. मा० कृष्ण हरी बुढाथोकी
२५. मा० केपी खनाल
२६. मा० क्रान्तिशिखा धिताल
२७. मा० खडक वहादुर वुढा
२८. मा० खिमा वि.क.
२९. मा० खुश्बु ओली
३०. मा० खेमराज कोईराला
३१. मा० गजाला शमीम मिकरानी
३२. मा० गणेश कार्की
३३. मा० गणेश धिमाल
३४. मा० गणेश पौडेल
३५. मा० गणेश बहादुर विश्वकर्मा
३६. मा० गणेश सिंह ठगुन्ना
३७. मा० गुरु प्रसाद बराल
३८. मा० गोविन्द पन्थी

३९. मा० गंगा छन्त्याल
४०. मा० गंगादेवी श्रेष्ठ
४१. मा० गंगालक्ष्मी अवाल
४२. मा० चन्दन कुमार सिंह

तत्पश्चात् माननीय परराष्ट्र मन्त्री शिशिर खनालले सभाको आकस्मिक, शून्य र विशेष समयमा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै संयुक्त राष्ट्र सङ्घको ८१ औँ महासभामा नेपालको सहभागिता र त्यहाँ भएका द्विपक्षीय र बहुपक्षीय संवादका सम्बन्धमा सदनलाई जानकारी दिनुभयो।

त्यसपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका नेता माननीय राम बहादुर थापाले नेपालको राजनीतिक सङ्कटको मुख्य कारण लोकतान्त्रिक संस्कार र विधिको शासन कमजोर हुनु रहेको, लोकतान्त्रिक विधि, राजनीतिक सहमति, सुशासन र जनउत्तरदायित्वमा सरकार गम्भीर हुनुपर्ने, महाविपत्तिपछिको पुनर्निर्माण, लोकतन्त्रको पुनर्बहाली र राष्ट्रिय समृद्धिलाई प्राथमिकता दिनुपर्नेमा लगायतका विषयहरूमा आफ्नो भनाइ राख्नुभयो।

तदुपरान्त नेपाली कम्युनिष्ट पार्टी संसदीय दलका उपनेता माननीय प्रमेश कुमार हमालले जनआन्दोलन, जनयुद्ध तथा जेन्जी आन्दोलनका सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै संसदमा उठेका जनताका प्रश्नप्रति सरकार उदासीन रहेको, लोकतन्त्र, सुशासन, अर्थतन्त्र र राष्ट्रियतामा गम्भीर चुनौती रहेको, बाढीपीडितको उद्धार तथा पुनर्निर्माण प्रभावकारी बनाउन र जलवायु न्यायका लागि तथ्यसहित अन्तर्राष्ट्रिय स्तरमा सशक्त आवाज लगायतका विषयहरूमा आफ्नो भनाइ राख्नुभयो।

त्यसपछि राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेता माननीय ज्ञान बहादुर शाहीले जेन्जी आन्दोलनको भावनाअनुसार भ्रष्टाचार, अपराध र बेथितिविरुद्ध दृढ कदम चाल्दै रोजगारी, शिक्षा, स्वास्थ्य, सहकारी पीडितको न्याय, भुटानी शरणार्थीको समस्या तथा जनताको जीवनस्तर सुधारमा सरकारले ठोस काम गर्नुपर्ने, राज्यको शक्ति प्रतिशोधका लागि नभई न्यायका लागि प्रयोग हुनुपर्ने, सबैका लागि कानुन बराबर हुनुपर्ने लगायतका विषयहरूमा आफ्नो भनाइ राख्नुभयो।

तत्पश्चात् प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आआफ्नो भनाइ राख्नुभयोः-

१. मा० दिपक राज बोहरा
२. मा० नरेन्द्र कुमार केरुङ
३. मा० पद्मा कुमारी अर्याल
४. मा० नीता घतानी
५. मा० गोपाल शर्मा
६. मा० आरेन राई
७. मा० भरत गिरी
८. मा० मनिष झा
९. मा० सन्दिप राना
१०. मा० राजेन्द्र कुमार राई
११. मा० राधिका रम्तेल
१२. मा० प्रकाश चन्द्र परियार
१३. मा० क्रान्तिशिखा धिताल
१४. मा० भरत प्रसाद पराजुली
१५. मा० बसुमाया तामाङ
१६. मा० पारशमणि गेलाल
१७. मा० कुसुम महर्जन
१८. मा० नरेन्द्र कुमार गुप्ता
१९. मा० कृपाराम राना
२०. मा० पुकार बम
२१. मा० सिताराम साह
२२. मा० गुरु प्रसाद बराल
२३. मा० धर्मराज के.सी.
२४. मा० विपिन कुमार आचार्य

तदुपरान्त चालू अधिवेशनमा मा० सदस्यहरूबाट दर्ता हुन आएका र सदनमा सोध्न नभ्याइएका मौखिक तथा लिखित प्रश्न र उत्तर प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ४५ बमोजिम सम्माननीय प्रधानमन्त्री तथा रक्षा मन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसँग सम्बन्धित लिखित प्रश्न नं १ देखि ३ सम्म र रक्षा मन्त्रालयसम्बन्धी लिखित प्रश्न नं. ४ का उत्तरहरू, माननीय अर्थ मन्त्री डा० स्वर्णिम वाग्लेको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले अर्थ मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं १४ र १५ तथा लिखित प्रश्न नं ५ का उत्तरहरू, माननीय परराष्ट्र मन्त्री शिशिर खनालको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले परराष्ट्र मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं १६ र १७ का उत्तरहरू, माननीय गृह मन्त्री सुधन गुरुङको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले गृह मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं १८ र लिखित प्रश्न न ६ का उत्तरहरू, माननीय पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले पूर्वाधार विकास मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं १९ र २० का उत्तरहरू, माननीय भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं २१ र २२ का उत्तरहरू, माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं २३ र लिखित प्रश्न नं ७ का उत्तरहरू, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज पौडेलको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित

मौखिक प्रश्न नं २४ को उत्तर, माननीय कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले कृषि, वन तथा पर्यावरण मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं २५ देखि २८ सम्म र लिखित प्रश्न नं ८ का उत्तरहरू र माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दीपक कुमार साहको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं २९ को उत्तर सभासमक्ष टेबुल गर्नुभयो।

तदुपरान्त सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आठौं वार्षिक प्रतिवेदन, २०८३" सदनसमक्ष पेस गर्नुभयो।

तत्पश्चात् सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले "केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक, २०८३ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी रान्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो।

त्यसपछि सम्माननीय प्रधानमन्त्री तथा रक्षा मन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विधेयक, २०८३ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी रान्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त माननीय पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले "फोहोरमैला व्यवस्थापन विधेयक, २०८३ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी रान्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात् माननीय महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्री सिता बादीले "महिला, बालबालिका, लैङ्गिगक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षासम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८३ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी रान्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहतालाई "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३", "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) विधेयक, २०८३", "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३" र "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, २०८३" लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी रान्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रम सङ्ख्या ८ मा रहेको कार्यक्रम सूचीबाट हटाएको बेहोरा जानकारी गराउनुभयो।

तत्पश्चात् सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १८० बमोजिम गठित "हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी– त्रिशुली विपद्सम्बन्धी संसदीय विशेष समिति" मा रहनुभएका माननीय सदस्य रमेश कुमार मल्लको स्थानमा माननीय सदस्य परशुराम तामाङको नाम हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०८३ को नियम २१३ को उपनियम (१) बमोजिम विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकहरूमा अनुपस्थित निम्नलिखित माननीय सदस्यहरूबाट प्राप्त अनुपस्थितिका सूचनाहरू सोही नियमको उपनियम (४) बमोजिम सभाको स्वीकृतिको लागि प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयोः-

क्र.सं	माननीय सदस्यको नाम, थर	मिति	बैठक सङ्ख्या	कारण
१.	मा० पुष्पकमल दाहाल "प्रचण्ड"	२०८३।०१।३० देखि २०८३।०३।१३ सम्म	२४	अस्पताल भर्ना
२.	मा० ज्ञानेन्द्र सिंह महता	२०८३।०२।२५ देखि २०८३।०३।१० सम्म	१०	जिल्ला भ्रमण
३.	मा० एलिजा गुरूङ्ग	२०८३।०२।२६ देखि २०८३।०३।१५ सम्म	११	स्वास्थ्य उपचार
४.	मा० योगेश गौचन थकाली	२०८३।०३।०५ देखि २०८३।०५।०३ सम्म	२०	अन्तर्राष्ट्रिय कार्यक्रम
५.	मा० भूमिका लिम्बू सुब्बा	२०८३।०६।०५ देखि २०८३।०६।१६ सम्म	१२	छोरीको स्वास्थ्य उपचार
६.	मा० इन्दिरा राना मगर	२०८३।०६।०४ देखि २०८३।०६।१४ सम्म	१०	अन्तर्राष्ट्रिय कार्यक्रम
७.	मा० हरिना देवी कामी	२०८३।०६।०१ देखि २०८३।०६।१६ सम्म	१३	ससुराको काज किरिया
८.	मा० जनक राज गिरी	२०८३।०५।२५ देखि २०८३।०६।१२ सम्म	१२	घरायसी काम
९.	मा० भरत बहादुर खड्का	२०८३।०५।२९ देखि २०८३।०६।१५ सम्म	१४	जिल्ला भ्रमण
१०.	मा० सृष्टि भट्टराई	२०८३।०६।०१ देखि २०८३।०६।१४ सम्म	११	परीक्षा
११.	मा० मोहम्मद इस्तियाक राई	२०८३।०५।३० देखि २०८३।०६।१५ सम्म	१४	व्यक्तिगत
१२.	मा० बिधुषी राणा	२०८३।०५।३० देखि २०८३।०६।१६ सम्म	१५	विदेश यात्रा

१३.	मा० खड्ग शाही	२०८३।०६।०५ देखि २०८३।०६।१५ सम्म	११	जिल्ला भ्रमण
१४.	मा० प्रकाश सिंह कार्की	२०८३।०६।०५ देखि २०८३।०६।१४ सम्म	१०	जिल्लामा कार्यक्रम

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभाको दोस्रो अधिवेशन अवधिभर भए गरेका काम कारवाहीको निम्नलिखित संक्षिप्त विवरणको सम्बन्धमा सभालाई जानकारी गराउनुभयोः-

१. प्रतिनिधि सभाको दोस्रो अधिवेशन २०८३ साल वैशाख २८ गते सोमबार प्रारम्भ भई २०८३ साल असोज १६ गते शुक्रबारसम्म जम्मा १४५ दिन चालु रह्यो। जसमध्ये ६२ दिनहरूमा ६८ वटा बैठक बसी जम्मा २७७ घण्टा ३० मिनेट संसदीय काम कारबाहीमा व्यतित भयो। साथै मिति २०८३ साल वैशाख २८ गते सोमबार र जेठ १५ गते शुक्रबार सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठक बसी जम्मा २ घण्टा ५५ मिनेट समय व्यतित भएको थियो।

२. यस अधिवेशनको मिति २०८३ वैशाख २८ गतेको पहिलो बैठकमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २६० र २६१ को अधिकार प्रयोग गरी मिति २०८३ साल वैशाख ३ गते विहीबार जारी गरिएको बाधा अड्काउ फुकाउने आदेश प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २६० बमोजिम बहुमतबाट अनुमोदन भएको थियो ।

३. पहिलो बैठकमा पेस भएका "सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३", "सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३", "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३", "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३", "केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३", "सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३", "स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३" र "विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३" मध्ये मिति २०८३ असार ५ गतेको बैठकमा "सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३", "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३", "सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३" र "स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३" स्वीकृत भएका थिए।

४. सम्माननीय राष्ट्रपतिबाट आ.व. २०८३/०८४ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै मिति २०८३ बैशाख २८ गते सोमबार बसेको सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनप्रति सोही दिन बसेको प्रतिनिधि सभाको बैठकले धन्यवादको प्रस्ताव पारित गरेको थियो। साथै सम्माननीय राष्ट्रपतिको सम्बोधनमार्फत् प्रस्तुत भएको आ.व. २०८३/०८४ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम सभाको मिति २०८३ बैशाख ३१ गतेको बैठकमा छलफलपश्चात् सर्वसम्मतिबाट पारित भएको थियो।

५. मिति २०८३ वैशाख २८ गतेको सभाको पहिलो बैठकमा पहिलो अधिवेशनमा गठित प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका माननीय सभापति गणेश पराजुलीले पेस गर्नुभएको "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०८३" माथि सभामा छलफल सम्पन्न भइ मिति २०८३ जेठ १७ गतेको बैठकमा संशोधनसहित बहुमतबाट पारित भएको थियो।

६. आ.व. २०८३/०८४ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथि २०८३ जेठ ४ र ५ गते छलफलपश्चात् माननीय अर्थ मन्त्री डा० स्वर्णिम वाग्लेले जवाफ दिनुभएको थियो। साथै २०८३ जेठ १३ गतेको बैठकमा "आ.व. २०८२/०८३ को आर्थिक सर्वेक्षण" र "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८२" प्रस्तुत भएका थिए।

७. मिति २०८३ जेठ १५ गते बसेको सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत आ.व. २०८३/०८४ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि २०८३ जेठ २७ र २८ गतेको बैठकमा छलफल पश्चात् जेठ २८ गते नै माननीय अर्थमन्त्री डा० स्वर्णिम वाग्लेबाट जवाफ दिने कार्यक्रमसमेत सम्पन्न भएको थियो।

८. सभाको २०८३ जेठ २८ गतेको बैठकमा प्रस्तुत भएको "विनियोजन विधेयक, २०८३" माथि असार १ र २ गतेका बैठकहरूमा दफावार छलफल भई असार ३ र ४ गते सम्बन्धित माननीय मन्त्रीहरूबाट जवाफ दिने कार्य सम्पन्न भएपछि उक्त विधेयक २०८३ असार ४ गते नै बहुमतबाट पारित भएको थियो।

९. दोस्रो अधिवेशनमा प्रतिनिधि सभामा जम्मा ३५ वटा सरकारी विधेयकहरू दर्ता भएका थिए जसमध्ये "प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८२", "मतदाता नामावली (पहिलो संशोधन) विधेयक, २०८२", आर्थिक विधेयक, २०८३, "विनियोजन विधेयक, २०८३", "राष्ट्र ऋण उठाउने विधेयक, २०८३", "सार्वजनिक खरिद (दोस्रो

संशोधन) विधेयक, २०८३", "सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) विधेयक, २०८३", "सहकारी (पहिलो संशोधन) विधेयक, २०८३", "स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८३" र "नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३" सङ्घीय संसद्को दुवै सदनबाट पारित भएका छन्। २० वटा विधेयकहरू प्रतिनिधि सभाका सम्बन्धित समितिहरूमा विचाराधीन रहेका छन् भने सभाको पहिलो अधिवेशनबाट यस अधिवेशनमा प्राप्त "वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२" सङ्घीय संसद्को दुवै सदनबाट पारित भएको छ।

१०. त्यसैगरी "सङ्घीय निजामती सेवा विधेयक, २०८३", दर्ता मात्र भएको अवस्थामा छ भने "डिप्लोमा इन्जिनियरिङ परिषद् विधेयक, २०८३" सभामा प्रस्तुत भएको छ। त्यसैगरी "नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०८३" सम्बन्धी समितिको प्रतिवेदन प्राप्त भएको छ भने "संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३" सम्बन्धी समितिको प्रतिवेदन सभामा पेस भइसकेको छ। "राष्ट्रिय सेवा दल विधेयक, २०८३" प्रतिनिधि सभाबाट मात्र पारित भएको छ। साथै राष्ट्रिय सभाको पहिलो अधिवेशनबाट प्राप्त "राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना तथा सञ्चालन) विधेयक, २०८२" प्रतिनिधि सभाबाट पनि पारित भएको छ। त्यसैगरी राष्ट्रिय सभाबाट प्राप्त ५ वटा विधेयकहरू मध्ये ४ वटा विधेयकहरू सम्बन्धित समितिमा विचाराधीन छन्। यसरी सङ्घीय संसद्को दुवै सदनबाट यस अधिवेशनमा १२ वटा विधेयकहरू पारित भइ ११ वटा विधेयकहरू सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भइसकेका छन् ।

११. यस अधिवेशनमा "नेपाल सरकार र गणतन्त्र भारत सरकारबीच फौजदारी विषयमा पारस्परिक कानुनी सहायतासम्बन्धी सम्झौता" र "नेपाल भारत बिच दीर्घकालीन विद्युत व्यापार गर्ने सम्बन्धी सम्झौता" नेपाल सन्धि ऐन २०४७ बमोजिम सभामा पेस भएका छन् भने "अन्तर्राष्ट्रिय श्रम संगठनको श्रम निरीक्षणसम्बन्धी महासन्धि, १९४७ नं. ८१", "अन्तर्राष्ट्रिय श्रम संगठनको बाध्यकारी श्रम महासन्धि, १९३० सम्बन्धी सन् २०१४ को प्रोटोकल नं. २९", एशियाली विधायिकी संस्थाहरूको परिषद् (Council of Asian Legislative Institutions- CALI) को सदस्यता प्राप्त गर्ने सम्बन्धी सङ्घीय संसद्को प्रतिनिधि सभामा पेस हुने प्रस्ताव र "संयुक्त राष्ट्र सङ्घीय सामुद्रिक कानुनसम्बन्धी महासन्धि अन्तर्गतको राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रका सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगसम्बन्धी सम्झौता" सभाबाट अनुमोदन भएका छन्।

१२. मिति २०८३ जेठ १७ गतेको बैठकमा सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहले आकस्मिक समय माग गरी दलीय आधारमा माननीय सदस्यहरूबाट उठाइएका प्रश्नहरूको जवाफ दिनुभएको थियो। त्यसैगरी मिति २०८३ भदौ १७ गतेको बैठकमा भदौ १० गते भोटेकोशी-त्रिशुली नदीमा आएको बाढीपछि उद्धार, राहत तथा पुनर्स्थापनाबारे सरकारले गरिरहेको कामकारबाही, भोटेकोशी-त्रिशूली विपद्को प्रमुख कारण जलवायु परिवर्तन रहेको भन्दै यसको न्यूनीकरण तथा व्यवस्थापन विश्व समुदायको साझा जिम्मेवारी भएको, विपद्पछि आफ्ना नागरिक जोगाउन सरकारले यथासम्भव गरिरहेको, उद्धारमा खटिएका सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई प्रोत्साहन गरिनुपर्ने लगायतका विषयहरूका सम्बन्धमा सदनलाई जानकारी गराउनुभएको थियो।

१३. यस अवधिमा नेपालको संविधानको धारा २९४ बमोजिम "महालेखा परीक्षकको त्रिसट्ठिऔं वार्षिक प्रतिवेदन, २०८३", "महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन २०८१/०८२", "अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पैंतिसौं वार्षिक प्रतिवेदन २०८१/०८२", "निर्वाचन आयोगको उन्नाइसौं वार्षिक प्रतिवेदन २०८१/०८२", "राष्ट्रिय सुरक्षा परिषद्को आठौं वार्षिक प्रतिवेदन २०८१/०८२", "राष्ट्रिय महिला आयोगको अठारौं वार्षिक प्रतिवेदन २०८१/०८२", "न्याय परिषद्को वार्षिक प्रतिवेदन आ.व. २०८१/०८२", "न्याय सेवा आयोगको वार्षिक प्रतिवेदन आ.व. २०८१/०८२", "लोक सेवा आयोगको छयसट्टीऔं वार्षिक प्रतिवेदन (२०८१ श्रावण-२०८२ आषाढ)", "राष्ट्रिय मानव अधिकार आयोगको अठारौं वार्षिक प्रतिवेदन (२०८१ श्रावण-२०८२ आषाढ)", "राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन आ.व. २०८१/०८२", "राष्ट्रिय समावेशी आयोगको सातौं वार्षिक प्रतिवेदन आ.व. २०८१/०८२", "आदिवासी जनजाति आयोगको छैटौं वार्षिक प्रतिवेदन आ.व. २०८१/०८२", थारु आयोगको सातौं वार्षिक प्रतिवेदन आ.व. २०८१/०८२" र "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आठौं वार्षिक प्रतिवेदन, २०८३" सभासमक्ष पेस भएका थिए।

१४. सभाको विभिन्न बैठकमा आकस्मिक, शून्य र बिशेष समयमा माननीय सदस्यहरूले उठाएका विभिन्न विषयहरूका सम्बन्धमा माननीय सूचना तथा सञ्चार मन्त्री डा० विक्रम तिमल्सिनाले २ पटक, माननीय युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले १ पटक, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरी कुमारीले १ पटक, माननीय कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले १ पटक, माननीय परराष्ट्र मन्त्री शिशिर खनालले ४ पटक, माननीय उर्जा, जलस्रोत तथा

सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठले १ पटक, माननीय पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले १ पटक, माननीय गृह मन्त्री सुधन गुरुङले दुई पटक, माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले १ पटक र माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहतालेे ३ पटक, माननीय शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले २ पटक र नव नियुक्त माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिपक कुमार शाहले १ पटक जवाफ दिनुभएको थियो।

१५. दोस्रो अधिवेशनमा दर्ता भएका ५ वटा जरूरी सार्वजनिक महत्वका प्रस्तावहरूमध्ये सभाको मिति २०८३ साउन १९ गतेको बैठकमा माननीय भिष्मराज आङ्देम्बेले प्रस्तुत गर्नुभएको "वास्तविक भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान गरी नागरिकको संरक्षण र पुनःस्थापनाका लागि सरकारले आवश्यक व्यवस्था गरी सुरक्षित आवास, आधारभूत सेवा, खाद्य, स्वास्थ्य, शिक्षा र जीविकोपार्जनको निरन्तरतालाई ध्यान दिइ उचित क्षतिपूर्ति, स्थायी पुनःस्थापनाको प्रत्याभूति दिलाउन र वास्तविक भूमिहीन एवम् सुकुम्बासीलाई यथाशीघ्र लालपुर्जा वितरण गराउन आवश्यकता भएकोले" भन्ने प्रस्ताव माथि छलफल पश्चात् माननीय भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले जवाफसमेत दिने कार्य सम्पन्न भएको थियो। साथै यस अवधिमा ३ वटा सङ्कल्प प्रस्तावहरू दर्ता भएका थिए।

१६. सभाको मिति २०८३ साउन २५, भदौ २, ८ र ३० गतेको बैठकहरूमा प्रतिनिधि सभा नियमावली, २०८३ को परिच्छेद ८ बमोजिम परराष्ट्र मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय, उर्जा जलस्रोत तथा सिँचाई मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय र भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित १३ वटा प्रश्नोत्तर कार्यक्रम सम्पन्न भएको थियो। यसैगरी आजैको बैठकमा सदनमा जवाफ दिन बाँकी रहेका मन्त्रालयबाट प्राप्त मैखिक प्रश्न १६ र लिखित प्रश्न ८ वटाका उत्तरहरू टेबुल गर्ने कार्य सम्पन्न भयो।

१७. सभाको विभिन्न मितिका बैठकहरूमा बिपक्षी दलका नेता र सदनमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता तथा पदाधिकारीहरूले समसामयिक विषयहरूमा आआफ्नो भनाइ राख्नुभएको थियो। साथै बैठकका आकस्मिक, शून्य र विशेष समयमा माननीय सदस्यहरूले विभिन्न समससामयिक विषयहरूमा सरकार, सदन र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनुहुँदै आआफ्नो भनाइ राख्नुभएको थियो।

१८. सभाको मिति २०८३ भदौ १७ गतेको बैठकमा भोटेकोशी-त्रिशूली नदीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ, चितवन र गोरखा जिल्लाका त्रिशूली नदी तटीय क्षेत्रका धेरै सङ्ख्यामा स्वदेशी तथा विदेशी नागरिकहरू बेपत्ता हुनुका साथै ठुलो सङ्ख्यामा मृत्यु भएको र व्यापक जनधनको क्षति भएको घटनाप्रति गहिरो दुःख प्रकट गर्दै उक्त घटनाबाट घरबार विहिन भएकाहरूको व्यवस्थापन एवम् घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै दिवङ्गतहरूको आत्माको चीर शान्तिको कामना र शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै विशेष प्रस्ताव पारित गरेको थियो ।

१९. मिति २०८३ असोज ५ गतेको बैठकले ३ महिनाभित्र प्रतिवेदन पेस गर्ने गरी १५ सदस्यीय "हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी-त्रिशुली विपद्सम्बन्धी संसदीय विशेष समिति" गठन गरेको थियो।

२०. सभाबाट यस अवधिमा पूर्वसदस्यहरू मंगल प्रसाद गुप्ता, राजेन्द्र खरेल, घनेन्द्र बस्नेत, पूर्व सदस्य तथा संविधान सभा सदस्य गोपालमान श्रेष्ठ र राष्ट्रिय सभाका पूर्वसदस्य शुक्रराज संयोकको निधनमा शोक प्रस्तावहरू पारित भएका थिए । साथै आजकै बैठकमा पूर्व सदस्य प्रकाशबहादुर गुरुङको निधनप्रति शोक प्रस्ताव पारित गर्ने कार्यसूची रहेको छ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको दोस्रो अधिवेशन समापनको अवसरका निम्नलिखित मन्तव्य राख्नुभयोः-

"प्रतिनिधि सभाको यस अधिवेशनको यस समापनको यस महत्वपूर्ण अवसरमा सर्वप्रथम यहाँ उपस्थित सम्पूर्ण माननीय सदस्यहरूप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु।

यस अधिवेशनमा माननीय सदस्यहरूको सक्रिय, रचनात्मक र जिम्मेवार सहभागिता रह्यो। कानून निर्माणका क्रममा विभिन्न विचार र दृष्टिकोण संसद्को छलफलमा समेट्ने प्रयास भएको छ। कानून निर्माण केवल बहुमतको प्रक्रियामात्र नभई जनप्रतिनिधिहरूबीचको संवाद, विमर्श, सहमति र सहभागिताबाट अझ प्रभावकारी र जनमुखी बन्न सक्छ भन्ने मान्यतालाई यस अधिवेशनले स्थापित गरेको छ। यस अधिवेशनले महत्वपूर्ण कानून निर्माण गर्ने कार्यहरू सम्पन्न गरेको छ।

संसदमा युवा माननीय सदस्यहरूको प्रस्तुति, अध्ययनशीलता, विषयवस्तुमाथिको विश्लेषण र संसदीय अभ्यासप्रतिको परिपक्वता यस अधिवेशनमा प्रस्तुत भयो। युवा पुस्ताको ऊर्जा, नयाँ सोच र अनुभवी सदस्यहरूको ज्ञान तथा अनुभवबीचको समन्वयले हाम्रो संसद्लाई अझ जीवन्त र प्रभावकारी बनाउने विश्वास मैले लिएको छु। सदनमा सत्ता पक्ष र प्रतिपक्षको औपचारिक

विभाजनभन्दा माथि उठेर संसद्को कामकारबाहीलाई सहज, मर्यादित र प्रभावकारी रूपमा अघि बढाउन सबै माननीय सदस्यहरूले देखाउनुभएको सहयोग र समझदारीको उच्च मूल्याङ्कन गर्दछु। संवाद, सहकार्य र संसदीय मर्यादालाई कायम राख्नु हाम्रो साझा जिम्मेवारी हो भन्ने मान्यतामा सबै सदस्यहरूले कायम रहनुभएकोमा सम्पूर्ण माननीय सदस्यहरूलाई धन्यवाद दिन चाहन्छु।

प्रतिनिधि सभा जनताको सार्वभौम आवाज अभिव्यक्त हुने सर्वोच्च लोकतान्त्रिक थलो हो। त्यसैले यस सदनको गरिमा, मर्यादा र विश्वसनीयता कायम राख्नु हामी सबैको साझा दायित्व हो। यस अधिवेशनमा त्यसतर्फ देखाउनुभएको प्रतिबद्धता र सहयोगका लागि म सबै माननीय सदस्यहरूप्रति आभार व्यक्त गर्दछु।

जलवायु परिवर्तन तथा वातावरणीय संकट आज नेपालका लागि मात्र नभई समग्र विश्वका लागि गम्भीर चुनौती बनेको छ। यस विषयमा माननीय सदस्यहरूले देखाउनुभएको सक्रियता र चासो महत्वपूर्ण रहेको छ। जलवायु न्याय, जलवायु वित्त, अनुकूलन तथा क्षति र नोक्सानीका विषयमा नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष आफ्ना स्पष्ट धारणा राखेको छ।

हामी आगामी हप्ता अन्तर-संसदीय संघ (IPU) को १५३औँ महासभामा नेपालको प्रतिनिधित्व गर्दै तान्जानिया प्रस्थान गर्ने तयारीमा रहेका छौँ। विश्वका १८३ देशका संसद्का प्रतिनिधिहरू सहभागी हुने यस्तो महत्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चमा नेपालको संसद्को गरिमा र आवाजलाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने अवसर प्राप्त भएको छ। नेपालको लोकतान्त्रिक तथा संसदीय अभ्यास तथा जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेका चुनौती, जलवायु वित्त, हिमाली मुलुकका विशेष सरोकार र अन्तर्राष्ट्रिय सहयोगका विषयलाई प्राथमिकताका साथ उठाउने प्रयास त्यस सभामा गर्नेछु। साथै, नेपालले अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त गर्न सक्ने अवसर, स्रोत र सहकार्यका विषयमा पनि नेपालको दृष्टिकोण स्पष्ट रूपमा राख्नेछु।

अन्त्यमा, यस अधिवेशनलाई सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने माननीय सदस्यहरू, उपसभामुखज्यू, संसदीय समितिका सभापतिज्यूहरू, संसद् सचिवालयका सम्पूर्ण कर्मचारी तथा सुरक्षाकर्मीहरू र सञ्चारकर्मी मित्रहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आउँदै गरेका नेपालीहरूको महान् चाड बडादशैँ, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व लगायतका महत्वपूर्ण पर्वहरूले नेपाली समाजमा आपसी प्रेम, सद्भाव, एकता, सहिष्णुता र भाइचाराको भावना अझ सुदृढ गरून् भन्ने कामना गर्दछु। देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

प्रतिनिधि सभाको यस अधिवेशनमा यहाँहरूले गर्नुभएको सहयोग, सहभागिता र रचनात्मक भूमिकाका लागि पुनः हार्दिक धन्यवाद व्यक्त गर्दछु।"

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त निम्नलिखित पत्रको बेहोरा पढेर सुनाउनुभयोः-

> नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/६/१३ को सिफारिसमा संवत् २०८३ साल असोज १६ गते शुक्रबार राती १२:०० बजेदेखि लागू हुने गरी सङ्घीय संसद्को दुवै सदनको चालु अधिवेशन अन्त्य गरेको छु।
>
> २०८३।०६।१४ (रामचन्द्र पौडेल)
>
> राष्ट्रपति

तत्पश्चात् सम्माननीय सभामुखले पूर्वसदस्य प्रकाशबहादुर गुरुङको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयोः-

शोक प्रस्ताव

> "नेपाली काँग्रेसको तर्फबाट वि.सं. २०५६ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा कास्की जिल्ला निर्वाचन क्षेत्र नं ३ बाट निर्वाचित सदस्य तथा पूर्व उद्योग, वाणिज्य तथा आपूर्ति सहायक मन्त्री एवम् प्रजातन्त्र र लोकतन्त्रको स्थापनामा अग्रणी भूमिका निर्वाह गर्नुभएका प्रकाश बहादुर गुरुङको ७२ वर्षको उमेरमा मिति २०८३ साल असोज १३ गते असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जलीसहित शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ।"

त्यसपछि सभाले स्वर्गीय प्रकाशबहादुर गुरुङको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो।

तदनन्तर प्रतिनिधि सभाको चालु दोस्रो अधिवेशन आज राती १२:०० बजेबाट अन्त्य हुने बैठक अन्त्य भयो।

पद्म प्रसाद पाण्डेय
महासचिव